नि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २५ २०७९ साल साउन ३० गते सोमबार (15 Aug 2022 Monday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : राजनीतिक दल र आयोगका... ३ पृष्ठमा : करिब महिनादिनमै स्वतन्त्र ... ३ पृष्ठमा :फिलिपिन्समा पनि बढ्यो ...

# प्रहरी समायोजन नगरेको भन्दै संघीय सरकारविरुद्ध मधेश सरकार धर्नामा




**दैनिक समाचारदाता**
**जनकपुरधाम, २९ साउन ।**

मधेश प्रदेश सरकारले प्रहरी समायोजन नगरेको भन्दै संघीय सरकार विरुद्ध आइतबार धर्ना दिएको छ ।

मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको नेतृत्व प्रदेश सरकारका मन्त्रीहरु, प्रदेश सभा सदस्य सहितले प्रदेश प्रमुखको निवासमा धर्ना दिएका हुन् ।

संविधानले प्रदेशको शान्ति सुरक्षा एवं प्रहरी व्यवस्थापनको जिम्मा प्रदेश सरकारको अधिकार भित्र रहेको सुनिश्चित गरेपनि संघ सरकारले प्रहरी समायोजन गरि प्रदेश सरकारलाई हस्तान्तरण गर्न आनाकानी गरिरहेको भन्दै प्रदेश सरकारले चरणबद्ध आन्दोलन शुरु गरेको हो ।

मुख्यमन्त्री राउतले संविधान प्रदत अधिकार हस्तान्तरणमा संघीय सरकारको मनपरि विरुद्ध आन्दोलनमा उत्रिनु परेको बताए । उनले २०७६ माघ २८ गते राष्ट्रपतिबाट प्रमाणीकरण भईसकेको प्रहरी समायोजन ऐन कार्यान्वयन ढिलाई हुनुले थुप्रै आशंकाहरु जन्मिनु स्वभाविक रहेको जिकिर गरे ।

प्रहरी समायोजनका लागी प्रधानमन्त्रीदेखी सबै दलका शीर्ष नेताहरुलाई ध्यानकर्षण गराएपनि कार्यान्वयनमा आनाकानी भइ रहेको हुँदा बाध्यभएर आन्दोलनमा उत्रिनु परेको उनको भनाई छ ।

पहिलो चरणको आन्दोलन कार्यक्रम अन्तर्गत आइतबारदेखी शुरु भएको धर्ना प्रदर्शन एक साता सम्म दिनहु बिहान ११ बजे देखी १ बजे सम्म हुने प्रदेश सरकारका गृह तथा संचारमन्त्री भरत प्रसाद साहले जानकारी दिए ।

भौतिक पूर्वाधार विकास मन्त्री राम सरोज यादव, गृह तथा संचारमन्त्री भरत प्रसाद साह, खानेपानि तथा उर्जामन्त्री ओमप्रकास शर्मा, कानून मन्त्री प्रमोद यादव, गृह तथा संचार राज्यमन्त्री रुबी कर्ण, जसपा प्रमुख सचेतक शैलेन्द्र यादव, प्रदेश सभा सदस्य चमेली देवी दास, किरण राय यादव, प्रमिला दास, सरस्वती चौधरी सहित धर्नामा बसेका छन ।

यसैबीच प्रहरी समायोजनको माग गर्दै मधेश सरकारले सुरु गरेको आन्दोलनलाई मधेश प्रदेशको प्रतिपक्षी दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)ले औचित्यहीन बताएको छ ।

लोसपाका संसदीय दलका नेता एवं प्रदेश अध्यक्ष जितेन्द्र सोनल ले प्रहरी समायोजन कार्यान्वयनको जिम्मा बोकेका नेपाल सरकारलाई जनकपुरधाममा धर्ना बसेर दबाव दिन नसकिने बताए । उनले आन्दोलन गरेर केहि नहुने र समायोजन रोकेका नेपाल सरकारलाई दबाव दिन काठमाडौं केन्द्रीत आन्दोलन गर्नुपर्ने उनको भनाइ छ ।

# हरवा चरवाहरुको पुर्नस्थापनाका लागि मापदण्ड तयार पार्न सुझाव



**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**

मुक्त हरवा चरवाको सवालमा तथा पुर्नस्थापना विषयमा जिल्लास्तरिय सरोकारवाला निकायसँग आइतबार अन्तरक्रिया सम्पन्न भएको छ ।

द फ्रिडम फोरमको सहयोग तथा श्रीपूर्राज सामुदायिक विकाश केन्द्रको आयोजनामा सम्पन्न अन्तरक्रियामा वक्ताहरुले मुक्त हरवा चरवाहरुको पुर्नस्थापनाका लागि मापदण्ड तयार गरेर वास्तविक तथ्याङक सार्वजनिक गर्नुपर्नेमा जोड दिएका छन् ।

हरवा चरवाहरुको मुक्तिका लागि गरिएको संघर्षकै कारण उनीहरुले मुक्ति पाएको स्मरण गराउँदै वक्ताहरुले पुर्नस्थापनाका लागि एउटा ठोस मापदण्डको खाका तयार गर्नुपर्ने सुझाव समेत दिए ।

राष्ट्रिय भूमि आयोगका सप्तरी अध्यक्ष हरेराम यादवको प्रमुख आतिथ्यमा सम्पन्न अन्तरक्रियामा जिल्ला समन्वय समिति सप्तरीका उपाध्यक्ष शम्भुकुमार यादव, जिल्ला प्रशासन कार्यालय सप्तरीका अधिकृत चिरन्जिवि गिरी, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश यादव, राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष दशन मण्डल, दलित मुक्ति मोर्चाका संयोजक बद्री सदा, जसपाका जिल्ला अध्यक्ष केदार यादव, नेकपा माओवादी केन्द्रका भागवत यादव, बार एशोसिएशनका केशव बहादुर खंग, गैसस महासंघका अध्यक्ष बलदेव मण्डल, नेपाल पत्रकार महासंघका सभापति श्रवण कुमार देव लगायतले हरवा चरवाको पुर्नस्थापनाका लागि विभिन्न सुझाव दिएका थिए ।

## सूचना । सूचना ॥ सूचना ।।।

### कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान** : प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव** : ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी

## भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ।।।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी**
**फारम बुझाउने अन्तिम मिति : २०७९/५/९**
**प्रवेश परिक्षा मिति : २०७९/५/१६ गते बिहान ८ बजे**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

# राजनीतिक दल र आयोगका सबै गतिविधि निर्वाचन केन्द्रित

काठमाडौं, २९ साउन (रासस)।
प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन घोषणासँगै राजनीतिक दलले आआफ्ना सबै गतिविधि चुनाव केन्द्रित तुल्याउँदै लगेका छन्।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन आगामी मङ्सिर ४ गते एकै चरणमा गर्ने घोषणासँगै दलका सबै गतिविधि निर्वाचन केन्द्रित बन्न पुगेका हुन्। नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा डिला सङ्ग्रौलाले राजनीतिक दलले आआफ्ना बैठक, भेला, प्रशिक्षणलगायतका सबै गतिविधि निर्वाचन केन्द्रित तुल्याउँदै लगेको प्रतिक्रिया दिनुभयो।

उहाँले भन्नुभयो, "निर्वाचन केन्द्रित बैठक र भेला सुरु भएका छन्, अब उम्मेदवार सिफारिसको क्रम चलेसँगै थप चुनावी माहोल बन्नेछ, केही समयमै चुनावी जागरण अभियान चल्छ।"

नेपालीको यस वर्षका मुख्य चाड दसैं, तिहार र छठमा हुने साथीभाइ तथा आफन्तजनबीचको भेटघाटले थप चुनावी रौनक प्रदान गरी चहलपहल र प्रचारप्रसारले तीव्रता पाउनेछ। नेकपा (एमाले)का केन्द्रीय सदस्य गणेशकुमार पहाडीले मुलुकका सबै राजनीतिक दलका गतिविधि पूरै निर्वाचन केन्द्रित भएको प्रतिक्रिया दिनुभयो।

उहाँले भन्नुभयो, "पार्टीले सञ्चालन गर्ने शुद्धीकरण र सुदृढीकरण अभियानलाई निर्वाचन अभियानकारुपमा जोडेर लगेको छ, बैठक, भेला र प्रशिक्षण चुनाव केन्द्रित गरिएको छ, एमालेले घोषणापत्र निर्माण समिति र निर्वाचन परिचालन मूल कमिटी पनि घोषणा गरिसकेको छ।"

आगामी निर्वाचनलाई केन्द्रित गरी मुलुकका प्रमुख राजनीतिक शक्तिबीच गठबन्धन र चुनावी तालमेलका विषयमा दिनहुँजसो वार्ता तथा संवाद चलिरहेको छ भने जिल्ला तहमा सम्भावित उम्मेदवारको छनोटका लागि चर्चा परिचर्चा सुरु भइसकेको छ।

नेकपा (माओवादी केन्द्र)की नेत्री जयपुरी घर्तीले राससससँग कुराकानी गर्दै पार्टीको प्रदेश कमिटी, जिल्ला कमिटीका बैठक बसिरहेकाले उनीहरुले गर्ने निर्णयपछि स्थानीय तहमा निर्वाचन लक्षित कार्यक्रम सञ्चालन हुने बताउनुभयो।

उहाँले भन्नुभयो, "केही समयपछि प्रशिक्षण सुरु हुन्छ, त्यो जनतासमक्ष पुग्ने योजना छ, अब सबै गतिविधि निर्वाचन केन्द्रित हुन्छ।" अर्कोतर्फ निर्वाचन आयोगले पनि ७६ बुँदाको निर्वाचन कार्यतालिका स्वीकृत गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, मितव्ययी र निष्पक्ष तुल्याउन अर्जुनदृष्टिका साथ मूल लक्ष्यतर्फ अग्रसर भइसकेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो।

निर्वाचन कार्यतालिकामा मिति घोषणादेखि निर्वाचन अवधि प्रारम्भ, बजेट अनुमान, राजनीतिक दल दर्ता र स्वीकृति, उम्मेदवारी मनोनय, निर्वाचन अधिकृत खटनपटन, मतदाता नामावली र मतपत्र छपाइ, निर्वाचन सामग्री व्यवस्थापन, ढुवानी, अनुगमन तथा मतदान र मतगणनासम्मका विषयवस्तु समेटिएको छ।

उहाँले भन्नुभयो, "अबको आयोगको अन्तिम गन्तव्य वा अर्जुनदृष्टि भनेको आगामी मङ्सिर ४ गतेको निर्वाचन नै हो, निर्वाचनको मिति घोषणा हुनुअघि गर्नुपर्ने र मिल्ने तयारी गरिसकेको छ।"

सरकारले यही साउन १९ गते आगामी निर्वाचनको मिति घोषणा गर्दा निर्वाचन तयारीका लागि आयोगसँग एकसय सात दिन उपलब्ध छ। आयोगले अहिले खासगरी निर्वाचनसम्बन्धी विभिन्न कार्यविधिलाई अन्तिम रुप दिने र निर्वाचन सामग्री व्यवस्थापन तयारीलाई उच्च प्राथमिकता दिएको छ। आगामी निर्वाचनमा भाग लिने प्रयोजनका लागि राजनीतिक दललाई दल दर्ताका लागि आयोगले यही साउन ३१ गतेसम्मको समय प्रदान गरेकामा शनिबारसम्ममा ४० दलले दर्ताका लागि निवेदन दिइसकेका छन्।

# निर्वाचनमा सहयोगी भूमिका निर्वाह गर्न आयोगको अपिल

काठमाडौं, २९ साउन (रासस)।
निर्वाचन आयोगले राष्ट्रिय सञ्चारमाध्यमलाई आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनलाई सफल तुल्याउन उपयुक्त वातावरण बनाउने काममा सहयोग पुऱ्याउन आह्वान गरेको छ।

आयोगले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित, निश्पक्ष र मितव्ययी बनाउन आमसञ्चार माध्यमको भूमिका महत्वपूर्ण हुने भएकाले सत्यतथ्य समाचार सामग्री सम्प्रेषण गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गरेको छ।

आयोगद्वारा यहाँ आइतबार आयोजित आमसञ्चार माध्यमका सम्पादक तथा प्रमुखसँगको छलफलमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले आगामी निर्वाचन सफल तुल्याउन महत्वपूर्ण भूमिका रहेको मुलुकका जिम्मेवारी आमसञ्चार माध्यमबाट यसअघि जस्तै सकारात्मक भूमिका प्राप्त विश्वास व्यक्त गर्नुभयो।

आयोगले निर्वाचन कार्यतालिका निर्माण, निर्देशिका एवं कार्यविधि तर्जुमा/परिमार्जन, राजनीतिक दल दर्ता आह्वान, आर्थिक व्यवस्थापन कार्यविधि, बजेट तर्जुमा र मतदाता नामावली अद्यावधिक गर्ने काम सुरु गरेको उहाँले जानकारी दिनुभयो।

थाहा खबरका प्रधानसम्पादक तीर्थ कोइरालाले निर्वाचनको मिति घोषणा भएसँगै निर्वाचन आचारसंहिता जारी हुनुपर्ने धारणा व्यक्त गर्दै उम्मेदवारले निर्वाचनमा गरेको खर्च विवरण सार्वजनिक हुनुपर्ने बताउनुभयो।

बाह्रखरी डटकमका प्रधानसम्पादक प्रतीक प्रधानले निर्वाचनको समयमा विज्ञापन गर्दा उम्मेदवारको खर्च पारदर्शी हुने चर्चा गर्दै विज्ञापन गर्नमा रोक लगाउन नहुने धारणा व्यक्त गर्नुभयो। नागरिक दैनिकका प्रधानसम्पादक गुणराज लुईंटेलले आमसञ्चार क्षेत्रका प्रतिनिधिसमेतको संलग्नतामा निर्वाचन आचारसंहिता लागू गर्न उपयुक्त हुने सुझाव दिनुभयो।

परिसंवाद डटकमका प्रधानसम्पादन रघु मैनालीले राजनीतिक दललाई आयोगले नियन्त्रणभन्दा पनि जिम्मेवार बनाउनुपर्नेमा जोड दिँदै नेपालमा निरक्षरताको सङ्ख्या बढी भएकाले मतदाता शिक्षामा आयोगले विशेष ध्यान दिनुपर्ने सुझाव दिनुभयो। प्राइमटाइम टेलिभिजनका पत्रकार सरोज कोइरालाले भन्नुभयो, "निर्वाचनको समयमा पत्रकार समाचार सङ्कलन, सम्पादन र सम्प्रेषणमा व्यस्त हुन्छन, उनीहरु मत हाल्नका लागि जिल्लाको मतदान केन्द्रसम्म जाने फुर्सद नै हुँदैन, उनीहरुका लागि मतदान गर्ने के व्यवस्था हुन सक्ला भनी जिज्ञासा व्यक्त गर्नुभयो।" इ कागज डटकमका प्रधानसम्पादक हरिबहादुर थापाले आयोगले निर्देशनका लागि निर्देशन मात्रैभन्दा पनि कानूनको आधारमा निर्देशन दिनुपर्ने धारणा राख्नुभयो।

आगामी मङ्सिर ४ गते हुने निर्वाचनमा हालसम्म एक करोड ८२ लाख कूल मतदाता र करिब १० हजार ८२५ मतदानस्थल रहेको आयोगले जनाएको छ। त्यसैगरी अस्थायी मतदान केन्द्रबाहेक करिब २२ हजार ५०० मतदान केन्द्र रहनेछन्। आगामी निर्वाचनका क्रममा करिब रु १० अर्ब खर्च हुने आयोगले जनाएको छ।

त्यसैगरी आयोगले मतदातास्थलको पुनरावलोकन, समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम र अन्तर्राष्ट्रिय संस्थालाई पर्यवेक्षणका लागि आह्वान गरेको छ। निर्वाचन आचारसंहितालाई थप व्यावहारिक बनाउने, सञ्चारमाध्यमलाई स्वनियमन गर्न प्रेरित गर्ने, सामाजिक सञ्जालमार्फत हुने राजनीतिक विज्ञापनको अनुगमन गर्ने र निर्वाचन खर्चप्रतिको धारणा र त्यसको वास्तविकताप्रतिको बुझाइ स्पष्ट गर्ने आयोगको सोच छ। आयोगले खर्चको सीमा सूत्रमा आधारित प्रणाली अवलम्बन गरी आवश्यक प्रक्रिया अघि बढाइने जनाएको छ।

# १२ अर्ब ७० करोड सहुलियतपूर्ण ऋण सहायता स्वीकार

काठमाडौं, २९ साउन (रासस)।
सरकारले विश्व बैंकबाट हरित, उत्थानशील र समावेशी विकासका लागि प्राप्त हुने करिब रु १२ अर्ब ७० करोड (अमेरिकी डलर १०० मिलियन) सहुलियतपूर्ण ऋण सहायता स्वीकार गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्ले यही साउन २६ गते गरेको निर्णय सार्वजनिक गर्न आइतबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जापान सरकारबाट पूर्वी तराइको सिँचाइ प्रणाली पुनःस्थापना आयोजनाका लागि प्राप्त हुने करिब रु दुई अर्ब १३ करोड ६४ लाख (जापानी येन दुई हजार २५६ मिलियन) अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको जानकारी दिनुभयो।

यसैगरी सबै तहका निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल स्वास्थ्य सेवा, संसद् सेवा, सामुदायिक विद्यालयमा कार्यरत शिक्षकका लागि यही साउन १ गतेदेखि लागू हुने गरी नयाँ तलबमान एवं ग्रेड स्वीकृत गर्ने निर्णय पनि सरकारले गरेको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयअन्तर्गत आर्थिक वर्ष २०७९/८० का लागि राजपत्राङ्कित श्रेणीका ५१ पदको अस्थायी दरबन्दी स्वीकृत भएको छ। चालु आवका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयअन्तर्गत राजपत्राङ्कित श्रेणीका ५८ पदको अस्थायी दरबन्दी स्वीकृत भएको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालयअन्तर्गत चालु आवका लागि राजपत्राङ्कित श्रेणीका २० पदको अस्थायी दरबन्दी स्वीकृत भएको छ। बैठकले सशस्त्र प्रहरी सेवा आयोगको सदस्य तोक्ने निर्णय पनि गरेको छ।

सरकारले यसअघि नसीम राईनको प्रमाणपत्र नं १५-०१-७१-०५७४० विसं २०७१ मङ्सिर ७ गते जारी भएको वंशजको नागरिकता रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने निर्णय गरेको छ। सरकारले सप्तकोसी नदीमा आएको बाढीबाट बढी क्षति भएका भौगोलिक क्षेत्रलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको छ।

यस्तै पर्वतको कुस्मा नगरपालिका-५ स्थित १३ रोपनी १५ आना जग्गामध्ये जिल्ला समन्वय समितिले भोगचलन गरेको छ रोपनी छ आना दुई पैसा एक दाम जग्गाबाट दुई रोपनी नौ आना तीन पैसा तीन दाम जग्गा कुस्मा नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि उपयोग गर्न स्वीकृति दिने निर्णय गरिएको छ।

सरकारले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत चालु आवका लागि राजपत्राङ्कित श्रेणीका तीनसय ५५ पदको अस्थायी दरबन्दी स्वीकृत गरेको छ। युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत चालु आवका लागि राजपत्राङ्कित श्रेणीका १५ पदको अस्थायी दरबन्दी स्वीकृत भएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गत चालु आवका लागि राजपत्राङ्कित श्रेणीका २३ पदको अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ।

सरकारले राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७९ स्वीकृत गरेको छ। सरकारले भारतीय सेनाका स्थल सेनाध्यक्षलाई नेपाल भ्रमणको औपचारिक निमन्त्रणा पठाउने भएको छ। अमेरिकी ऊर्जा विभागको आयोजनामा आगामी नोभेम्बर १४ देखि १८ सम्म आयोजना हुने कार्यक्रममा नेपालका तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवलाई भाग लिन स्वीकृति दिएको छ।

रोमानियाको बुखारेष्टमा आगामी असोज १० गतेदेखि २८ गतेसम्म सञ्चालन हुने अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घको कार्यक्रममा सहभागी हुन सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई स्वीकृति दिने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ। नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को अनुसूची ३ हेरफेर गर्ने र सो को नेपाल राजपत्रमा सूचना प्रकाशन गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ। आगामी भदौ ७ गतेदेखि ९ गतेसम्म थाइल्याण्डको राजधानी बैंककमा आयोजना हुने संयुक्त राष्ट्रसङ्घको कार्यक्रममा भाग लिन राष्ट्रिय योजना आयोगका सचिवलाई स्वीकृत दिने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# करिब महिनादिनमै स्वतन्त्र पार्टीले गठन गऱ्यो सातै प्रदेशमा समिति

**दैनिक समाचारदाता**
**काठमाडौं, २९ साउन ।**

राजनीतिमा संक्षमयुवा पुस्ताको नेतृत्वको अपरिहार्यता दर्शाउदै संचारकर्म छाडेर राष्ट्रिय स्वतन्त्र पार्टी जन्माएका सभापति रवि लामिछानेले करिब महिना दिनमै सातै प्रदेशमा समिति गठन गरेका छन् ।




१७ असारमा औपचारिकता पाएको लामिछाने नेतृत्वको पार्टी प्रदेश, जिल्ला र स्थानीय समितिहरू गठन गर्दै मंसीर ४ गते हुने प्रदेश र प्रतिनिधिसभा चुनावका लागि प्रचारप्रसारमा लागीपरेको छ ।

घण्टी चुनाव चिन्ह पाएको पार्टीलाई विस्तार गर्दै संक्षम वर्गबाट देश निर्माणको अभियान लिएर सभापति लामिछाने र प्रवक्ता मुकुल ढकालसहितको टोलीले पुर्वदेखी पश्चिम नेपालका विभिन्न जिल्लामा रास्वपाको समिति गठन गरिरहेको छ ।

रास्वपाका प्रवक्ताडा.मुकुल ढकालका अनुसार प्रदेश १, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली, बाग्मती, र मधेश प्रदेशगरि सातै प्रदेशमा प्रदेश तथा जिल्ला समिति गठन भैसकेको तथा स्थानीय समितिहरू गठन प्रक्रियामा रहेकोले छिट्टै सम्पन्न हुने बताए ।

"असार २५ गते चितवनबाट जिल्ला भेला गरी जिल्लातथा स्थानीय समिति गठनमा लाग्यौं, ३० गते झापामा, ३१ गते सुनसरी, ३२ गते मोरङ, बिराटनगर, हुदैं श्रावण ७ गते गण्डकीप्रदेश भेला सम्पन्न गरि मातहतका समिति गठन सहित कास्की, धादिङ, गोरखालगायतका सर्वसाधरणसगँ अन्तर्क्रिया गर्दै १३ श्रावणमा धनगढी, श्रावण १४ मा सुदुरपश्चिम प्रदेश भेला गरि जिल्ला तथा स्थानीय समितिहरू गठन गरियो ।"

यस्तै श्रावण १५ मा कञ्चनपुरमा जिल्ला भेलासगैं मातहतका समिति गठन गरी लामिछानेले सुर्खेतको वीरेन्द्रनगरमा कर्णाली प्रदेश भेला गरी प्रदेश र जिल्ला समिति बिस्तार गरेका थिए । राष्ट्रिय स्वतन्त्र पार्टीले १९ गते नेपालगञ्ज रंगशालामा बाँके जिल्ला भेला, २० गते दाङको घोराहीमा जिल्ला भेला सम्पन्न गर्दै जिल्ला र स्थानीय कार्यसमितिहरू बनाएको थियो ।

यसैगरी, श्रावण २१ गते रुपन्देहीको तिलोत्तमामा लुम्बिनी प्रदेश भेलागरी भेलाले प्रदेश, जिल्ला र स्थानीय कार्यसमितिहरू गठन गऱ्यो ।

आगामी चुनावमा सकेसम्म देशभरबाट उम्मेदवार उठाउने तयारीमा रहेको रास्वपले २३ गते काभ्रेपलाञ्चोक, २५ माधादिङ, २६ मानवलपुर जिल्ला भेला गरी, २७ गते बाग्मती, २८ गते मधेश प्रदेश भेला सम्पन्नगर्दै जिल्ला र स्थानीय संगठनको संरचना तय गरिसकेको छ ।

साथै श्रावण २९ गते (भोलि) प्रदेश १ इटहरी धरानमाप्रदेश स्तरीय भेला तथा दार्चुला जिल्ला भेला सक्दै कार्यसमिति गठन गर्ने कार्यक्रम रहेको छ । यस लगत्तै श्रावण ३१ गते बैतडी, भाद्र २ गते बझाङ, भाद्र ४ मा डडेलधुरा, ५ मा डोटी र अछाम, ७गते बाजुरा जिल्लामा भेलागरि जिल्ला र स्थानीय कार्यसमितिहरू गठन गरिने कार्ययोजना रहेको रास्वपा प्रवक्ता ढकालले बताए । यो सगैं सम्पूर्ण पालिका र वडामा समेत समिति गठन हुने क्रमजारी रहेको उनले बताएका छन् ।

कमिसन, नातावाद र किपावादबाट होइन, जनताबाट क्षमतावान नेतृत्वको छनौट हुनुपर्ने संकल्पलिएका सभापति लामिछाने काठमाडौं निर्वाचन क्षेत्र नम्बर ३ बाट चुनाव लड्ने योजनामा छन् ।

पुराना राजनीतिक दलको निराशाजनक कार्यशैलीबाट आजितजनताको वैकल्पिक मत राष्ट्रिय स्वतन्त्र पार्टीलाई आउनेमा सभापति लामिछानेको टिममा कुनै दुविधा देखीदैन् ।

आफु दुई कार्यकाल (दशबर्ष) मात्र राजनैतिक नेतृवमा रहने सो अवधिमा जनताको मन जित्न नसके बिश्राम लिने बताउदै आएका रास्वपा सभापति लामिछाने सुरुकै प्रयासमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई राष्ट्रिय पार्टीका रुपमा स्थापित गर्न लागी परेका छन् ।

राजनीतिक दलसम्बन्धी ऐन २०७३ अनुसार, प्रत्यक्षमा कम्तिमा १ र समानुपातिकमा तीन प्रतिशत मत प्राप्त गर्न सके मात्रै पार्टीले राष्ट्रिय दलको मान्यता पाउँने व्यवस्था गरिएको छ ।

## पूर्वाञ्चल विश्वविद्यालयभित्रका समस्या समाधान गर्नुपर्ने माग

काठमाडौं, २९ साउन (रासस) ।

पूर्वाञ्चल विश्व विद्यालयभित्रका समस्या समाधान गर्नुपर्ने माग गरिएको छ । नेपाल विद्यार्थी संघ पूर्वाञ्चल विश्वविद्यालय केन्द्रीय समन्वय समितिले यहाँ आइतबार पत्रकार सम्मेलन गरी इन्जिनियर, मेडिकल तथा अप्लाइडेड साइन्सलगायत अरु संकायको वार्षिक र सेमेस्टर प्रणालीमा मौका परीक्षाको व्यवस्था गर्नुपर्ने र परीक्षा नियमावली, २०७० संशोधन तथा परिमार्जन गरी तत्काल कार्यान्वयन गरिनुपर्नेलगायतका माग गरेको छ ।

त्यसैगरी चक्रवर्ती हवि कलेजमा गरिएको चर्को मूल्यवृद्धि तत्काल फिर्ता गरी आवश्यक छानबिन गर्नुपर्ने पनि माग गरिएको छ ।

नेविसंघ पूर्वाञ्चल विश्वविद्यालयका कार्यवाहक अध्यक्ष विजय फुलाराले चर्को सम्बन्धन शुल्क मिनाहा गरिनुपर्ने र परीक्षा नतिजा तीन महिनाभित्र प्रकाशन गरिसक्नुपर्ने, परीक्षा फाराम अनलाइन प्रणालीबाट भर्ने व्यवस्था मिलाइनुपर्ने र पूर्वाञ्चल विश्वविद्यालयको सम्पर्क कार्यालय काठमाडौँमा राख्नुपर्ने माग गर्नुभयो ।

उहाँले भन्नुभयो, "यी माग दुर्गम स्थानबाट ऋण खोजेर छोराछोरीलाई पढ्न पठाएका आमाबाबु र भविष्य बनाउन आएका विद्यार्थीको हितमा छ, विश्वविद्यालयले हजारौं गरिबका छोराछोरीको भविष्य चकनाचुर पारिरहेको छ ।"


डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत: गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No.: 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनावारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### फिलिपिन्समा पनि बढ्यो कोभिड सङ्क्रमण, एकै दिन ४८ को मृत्यु

मनिला, २९ साउन (रासस/सिन्ह्वा) ।

फिलिपिन्समा पनि पछिल्लो समयमा कोभिड-१९ को सङ्क्रमण बढेको छ । सो सङ्क्रमणमा परेर शनिबार मात्र कम्तीमा पनि ४८ जनाको ज्यान गएको फिलिपिन्सका स्वास्थ्य अधिकारीले जानकारी दिएका छन् ।

उनका अनुसार यहाँ शनिबार मात्र चार हजार छ सय ७९ जनामा कोरोनाको सङ्क्रमण देखिएको छ । यो समेत गरी यहाँ अहिलेसम्म ३८ लाख २७ हजारभन्दा बढीमा यो सङ्क्रमण देखिएको छ ।

यहाँको स्वास्थ्य विभागले पछिल्लो पटक सक्रिय सङ्क्रमितको सङ्ख्या पनि बढेको अर्थात् ४० हजारभन्दा बढीमा सक्रिय सङ्क्रमित रहेका जनाएको छ ।

गत जनवरी १५ मा ३९ हजार चार जनामा कोभिडको सङ्क्रमण देखिएको थियो । एकै दिनमा भएको कोरोना सङ्क्रमण सबैभन्दा धेरै सङ्ख्या हो । फिलिपिन्समा कोरोना शुरुभएबाट हालसम्म यस सङ्क्रमणबाट ६० हजार नौ सय ९२ जनाको मृत्यु भ्एको छ ।

यसैबीच मलेसियामा शनिबार रातिसम्म थप चार हजार तीन सय ३४ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ । सङ्क्रमणको कारण १० जनाको मृत्यु भएको छ ।

कोरोना भाइरसको सङ्क्रमण सुरु भएदेखि अहिलेसम्म कम्तीमा पनि ३६ हजार जनाको निधन भएको छ । त्यसैगरी सो यहाँ अहिलेसम्म ४७ लाख ३२ हजारभन्दा बढीमा सो सङ्क्रमित भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

हाल यहाँ ४४ हजार छ सय १७ जना सक्रिय सङ्क्रमित रहेका छन् । ती मध्ये ६८ जनाको सघन उपचार केन्द्रमाा उपचार भइरहेको समाचारमा जनाइएको छ ।

पछिल्लो समय भेटिएका यी सङ्क्रमित प्राय:सबैजसो देशभित्रैका रहेका बताइएको छ । मलेसियाली सरकारले कोरोनाविरुद्धको खोपलाई प्राथमिकतामा राखेर लगाउने गरेकाले यहाँका सङ्क्रमतिमा मृत्युदर भने निकै कम रहेको पनि बताइएको छ ।

पाकिस्तानमा शनिबार पाँच सय ८१ जना नयाँ कोभिड-१९ सङ्क्रमित थपिएका र चार जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले आइतबार जनाएको छ ।

मन्त्रालयले जारी गरेको तथ्याङ्कअनुसार नयाँ सङ्क्रमणसँगै देशभर कुल सङ्क्रमितको सङ्ख्या १५ लाख ६२ हजार आठ सय ८८ पुगेको छ ।

ध्पाकिस्तानमा कोभिड-१९ शुरुभएबाट हालसम्म सङ्क्रमणबाट ३० हजार पाँच सय २७ जनाको मृत्यु भएको छ । हाल यहाँ एक सय ७८ जना विरामीको अवस्था गम्भीर रहेको जनाइएको छ ।

### भारतमा चौध हजारभन्दा बढी कोरोना सङ्क्रमित

नयाँदिल्ली, २९ साउन (रासस/सिन्ह्वा) ।

भारतमा एकै दिनमा १४ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन् । सरकारी अधिकारीले आइतबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा १४ हजार ९२ नयाँ सङ्क्रमित भएका हुन् ।

यसैसँगै भारतमा हाल कुल सङ्क्रमतिको सङ्ख्या चार करोड ४२ लाख ५३ हजार चार सय ६४ जना पुगेका सङ्घीय स्वास्थ्य मन्त्रालयले आइतबार सार्वजनिक गरेको छ ।

भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ । भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख १६ हजार आठ सय ६१ रहेको छ ।

कोरोना सङ्क्रमणबाट बितेको २४ घण्टामा ४१ जनाको मृत्यु भएको छ । यसैसँगै कोरोना सुरु भएबाट हालसम्म पाँच लाख २७ हजार नौ सय ३७ व्यक्तिको मृत्यु भइसकेको छ ।

भारतमा शनिबार एक दिनमा १६ हजार चार सय ५४ जना कोरोना मुक्त भएका छन् । यसैसँगै कूल चार करोड ३६ लाख नौ हजार पाँच सय ६६ जना कोरोनामुक्त भएका छन् ।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन् । भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयबाट हालसम्म दुई अर्ब सात करोड ९९ लाख ६३ हजार पाँच सय ५५ मात्रा खोप लगाइएको छ ।

भारतमा कोरोना सुरु भएयता हालसमम ८८ करोडभन्दा बढीको कोरोना भाइरस परीक्षण भएको जनाइएको छ ।

### साठी वर्षीय वृद्धको छुरा प्रहार गरी हत्या

इस्लामाबाद, २९ साउन (रासस/एएनआई) ।

पाकिस्तानमा अहमदिया समुदायमा लगातार लक्षित हत्या भइरेहको छ । यसैबीच पञ्जाब प्रान्तको चेनाबनगर शहरमा अहमदिया समुदायका एक ६० वर्षीय व्यक्तिलाई छुरा प्रहार गरी हत्या गरिएको छ ।

हत्या गरिएका नसीर अहमद र उनका भाइ मुनीर बिहान किनमेल गर्न जान बस पार्खाइमा रहेका अवस्थामा छुरा प्रहार भएको डन अखबारले प्रहरी जानकारी दिएको छ ।

एक अज्ञात व्यक्तिले उनीहरूलाई रोकेको र उनीहरूको धर्मको बारेमा प्रश्न गरेको जनाइएको छ । आक्रमणकारीले आफ्नो झोलाबाट छुरा निकालेर अहमदलाई आक्रमण गरेको र उनको घटनास्थलमै मृत्यु भएको जनाइएको छ ।

छुरा प्रहार गरी भाग्न खोजेका ती व्यक्तिलाई स्थानीयले पक्रेर प्रहरीको जिम्मा लगाएको थियो । आक्रमणकारीले उनीहरूलाई धार्मिक आधारमा आक्रमण गरेको र तहरीक-ए-लब्बैक पाकिस्तान (टीएलपी)को पक्षमा नारा लगाएको पीडितका भाइ मुनीरले डनलाई जानकारी दिएका छन् ।

# विभिन्न पार्टी परित्याग गरि एक दर्जन जसपा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**

मधेश प्रदेशका अर्थमन्त्री एवं जनता समाजवादी पार्टी नेपालका केन्द्रिय सदस्य शैलेन्द्र प्रसाद साहले विभिन्न पार्टी परित्याग गरेकाहरुलाई आइतबार एक कार्यक्रमबीच जसपामा प्रवेश गराएका छन् ।

पार्टी प्रवेश गर्नेहरुमा तिलाठी कोइलाडी गाउपालिका वडा न.१ बेल्हिका बिजय कुमार यादव, परमानन्द राय, बद्रि यादव, कुशेश्वर यादव, जय किशोर राय, रन्धिर यादवसहित एक दर्जन नेता तथा कार्यकर्ता रहेका छन् ।

यसअघि उनीहरु नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र लोसपामा रहेको जसपा नेपालमा प्रवेश गरेको युवा नेता बिजय कुमार यादवले जानकारी दिए ।

नव प्रवेशिहरुलाई मन्त्री साहले फुलमाला र अबिर लगाएर स्वागत गरेका थिए ।

# समाजवादी प्रेस संगठन मधेस प्रदेशको अध्यक्षमा साह

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २९ साउन ।**

समाजवादी प्रेस सङ्गठनको प्रथम मधेस प्रदेश अधिवेशनले प्रविन साहको अध्यक्षतामा १३ सदस्यीय प्रदेश समिति चयन गरेको छ ।

जनकपुरधाममा शनिबार सम्पन्न प्रदेश अधिवेशनको बन्दसत्रबाट गठित समितिको उपाध्यक्षमा प्रविण शर्मा, महिला उपाध्यक्षमा प्रकृति अधिकारी, सचिवमा रमेश सुवेदी, सहसचिवमा प्रमोद चालिसे र कोषाध्यक्षमा रामपुकार यादवलाई चयन गरेको छ ।

समितिको सदस्यहरूमा सलिता सदा, नवीन साह, अजित कर्ण, नरेश गुप्ता र विनोद पटेललाई चयन गरेको जनाएको छ । नेकपा (एकीकृत समाजवादी)का मधेस प्रदेशका इन्चार्ज धर्मनाथ साहले अधिवेशनको शुभारम्भ गर्नुभएको थियो ।

# भलुवाई खोला नजिक एक जना मृत भेटिए

**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**

राजविराज नगरपालिका वडा नं. ३ भलुवाही खोला नजिक आइतबार एकजना मृत भेटिएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार गजेन्द्र नारायण सिंह अस्पतालको पछाडि पट्टि रहेको भलुवाही खोलाको छेउमा राजविराज नगरपालिका वडा नं. ५ बस्ने ४५ वर्षीय मंगला दास मृत अवस्थामा भेटिएका हुन् ।

यस घटना सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

राजविराज नगरपालिका वडा नं. ८ (हाल ५) निवासी धिरेन्द्र प्रसाद देवको रजिष्ट्रशन नं. ११८-४-२-०४५६२-२०१० भएको पूर्वाञ्चल युनिभरसिटीको माईग्रेशन सर्टिफिकेट २०७९ जेठ १० गते बिराटनगरबाट राजविराजतर्फ आउँदै गर्दा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८४५०३४५८५ मा सम्पर्क गर्नुहोला ।

**नाम : धिरेन्द्र प्रसाद देव**
**ठेगाना : राजविराज ८, (हाल ५), सप्तरी**
**रजिष्ट्रेशन नं. : ११८-४-२-०४५६२-२०१०**
**सि.नं. : ३६८०/२०१५**

## भावपूर्ण श्रद्धाञ्जली



जन्म मिति
बि. सं. २०११

स्वार्गारोहण
बि. सं. २०७९/०४/१९

**स्व. गिनादेवी यादवनी**

यस संस्थाका शेयर सदस्य राजविराज वडा नं. ९ गढिया निवासी श्री उमेश चन्द्र यादवकी ममतामय माता श्रीमती गिनादेवी यादवनीको २०७९ साउन १९ गते ६८ वर्षको उमेरमा असमायिक निधन भएको हुँदा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**जनज्योती कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी


## विषालु च्याउबाट जोगिऔं।

जंगली च्याउहरु विषालु पनि हुनसक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं।

खेती गरेर उमारेका च्याउ खाने गरौं। जीवन सुरक्षित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*